NRN Infrastructure & Development Ltd.
Regd. No. 97295/069/070
PAN No. 600828996

Ref-No: NRNIDL/82/83/85

मितिः २०८२/०७/२६

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरबार प्लाजा, काठमाडौं।

विषयः **कम्पनीको तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी जानकारीका सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा यस एन.आर.एन. इन्फ्रास्टक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०७/२५ दिनको ३:३० बजेको बैठकको निर्णयानुसार कम्पनीको तेह्रौं वार्षिक साधारण सभा मिति २०८२ साल पुस ४ गते (तदनुसार १९ डिसेम्वर, २०२४) शुक्रबारका दिन विहान ९:०० बजे आम्रपाली ब्यान्क्वेट, थिरबम सडक, काठमाण्डौमा गर्ने र साधारण सभामा छलफल तथा निर्णयका लागि निम्न प्रस्तावहरु पेश गरिने भएको व्यहोरा तहाँको जानकारीका लागि सादर अनुरोध गर्दछौं।

तपसिल

**तेह्रौं वार्षिक साधारण सभाका प्रस्तावहरु**

**(क) साधारण प्रस्तावहरुः**

१. कम्पनीको सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८१।०८२ को तेह्रौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. आ.व. २०८१।०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८१।०८२ को वार्षिक नाफानोक्सान हिसाव विवरण तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्वद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने।

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८२।०८३ को लागि लेखापरीक्षण समिति तथा सञ्चालक समितिको सिफारिस मुताविक लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने।

४. विशिष्टीकृत लगानी कोष व्यवस्थापन गर्ने उद्देश्यले कम्तीमा ५१ प्रतिशत स्वामित्व हुने गरी सहायक कम्पनीका रुपमा कोष व्यवस्थापक कम्पनी स्थापना गर्ने र सो सम्बन्धमा आवश्यक कार्यका लागि संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको कायम रहेको चुक्ता पुँजी रू. १,२८,४३,७२,२८५ (अक्षरेपी एक अर्ब अठ्ठाईस करोड त्रिचालिस लाख बहत्तर हजार दुई सय पचासी रुपैंया मात्र) को २.१०५ प्रतिशतको दरले हुन आउने रकम रु.२,७०,३९,४१६.५३ (अक्षरेपी दुई करोड सत्तरी लाख उन्नचालिस हजार चार सय सोह्र रुपौंया त्रिपन्न पैसा) बराबरको (कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्न प्रस्ताव पेश गर्ने।

**(ख) विशेष प्रस्तावहरुः**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पुँजी रू. १,२८,४३,७२,२८५ (अक्षरेपी एक अर्ब अठ्ठाईस करोड त्रिचालिस लाख बहत्तर हजार दुई सय पचासी रुपैंया मात्र) को ४० प्रतिशतको दरले हुन आउने रकम रु. ५१,३७,४८,९१४ (अक्षरेपी एकाउन्न करोड सौतिस लाख अठचालिस हजार नौ सय चौध रुपैंया) बोनस शेयर वितरण गर्ने।

२. बाह्रौ साधारण सभावाट स्वीकृत हकप्रद शेयर सम्बन्धी निर्णय अनुसार हाल सम्म हकप्रद शेयर जारी भई नसकेकोले उक्त प्रस्तावलाई परिमार्जन गर्दै विशेष प्रस्ताव नं (१) बमोजिम बोनस शेयर जारी गरे पश्चात कायम हुने चुक्ता पूँजीको १०० प्रतिशत (१:१) हकप्रद शेयर जारी गर्ने र सो सम्बन्धमा आवश्यक कार्यका लागी संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने।

३. कम्पनीको जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने।

४. कम्पनीको प्रबन्धपत्रको दफामा संशोधन गर्ने।

(क) प्रबन्धपत्रको दफा ६ को (ख), (ग) संशोधन गर्ने।

५. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय कार्यालयले कुनै फेरवदल संशोधन परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

भवदिय,

प्रताप अधिकारी
कम्पनी सचिव

बोधार्थः
क) कम्पनी रजिष्ट्रारको कार्यलय, त्रिपुरेश्वर, काठमाडौं।
ख) सि.डि.एस एन्ड क्लियरिङ्ग लि. पुतलिसडक, काठमाडौं।